# धादिङ जिल्ला अदालत




# नवनिर्मित भवन समुद्घाटन प्रतिदेवन, २०७७

☎:०१०-५२०४१२
**email@:info.dcdhading@supremecourt.gov.np**
admin.dcdhading@supremecourt.gov.np
नीलकण्ठ न.पा.०३,धादिङवेशी, धादिङ

## विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | पृष्ठभुमि | १- |
| २ | मञ्च कार्यक्रम | ४-५ |
| ३ | आशन ग्रहण कार्यक्रम | ५ |
| ४ | माननीय न्यायाधीश श्री देवेन्द्र पौडेलज्यूबाट स्वागत मन्तब्य प्रस्तुत | ७ |
| ५ | सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्की ज्यूबाट नवनिर्मित भवनको समुद्घाटन | ८ |
| ६ | पुनर्निर्माण प्राधिकरणका डिभिजन इन्जिनियर श्री लिला खतिवडाज्यूबाट भवन निर्माण प्रतिवेदन प्रस्तुत | ९ |
| ७ | शुभकामना मन्तव्य | ९ |
| ८ | सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूबाट समुद्घाटन मन्तव्य | १० |
| ९ | माननीय न्यायाधीश श्री आत्मदेव जोशीज्यूबाट धन्यवाद ज्ञापन | ११ |
| १० | मायाको चिनो प्रदान | १२-१३ |
| ११ | मञ्च कार्यक्रमको समापन | १४ |
| १२ | सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूबाट भवनको अवलोकन | १५ |
| १३ | जलपान | १६ |
| १४ | प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू तथा अन्य अतिथिज्यूहरुको प्रस्थान | १६ |
| १५ | मिति २०७७ चैत्र ०२ गते सम्म धादिङ जिल्ला अदालतमा कार्यरत कर्मचारीहरुको विवरण | १७ |
| १६ | २०७७ फागुन मसान्त सम्मको मुद्दाहरुको विवरण | १८ |
| १७ | २०७७ फागुन मसान्त सम्मको  तहसिल तर्फको कैद, जरिवाना र सरकारी विगोको लगत फछ्र्यौट र बाँकीको सालगत विवरण | १९ |

# धादिङ जिल्ला अदालतको नवनिर्मित भवन समुद्घाटन कार्यक्रमको प्रतिवेदन
# २०७७




**धादिङ जिल्ला अदालतको नवनिर्मित भवन**

१. पृष्ठभूमिः

धादिङ जिल्ला अदालतका नाममा दर्ता श्रेस्ता रहेको धादिङ जिल्ला साबिक नीलकण्ठ गा.वि.स. वडा नं. ५ङ हाल नीलकण्ठ नगरपालिका वडा नं. ३ मा जम्मा पाँच कित्ता जग्गाहरू कित्ता नं. ३७, ४२, ४६, ४७, र ६७ क्षेत्रफल क्रमशः १-९-१-२, ०-१५-०-२, ०-६-०-०-०, ०-१२-०-२, र ०-५-१-२ गरी जम्मा ३-१५-०-० (तीन रोपनी पन्ध्र आना) क्षेत्रफलमा नवनिर्मित भवन अवस्थित रहेको छ। उपत्यकासँग सिमाना जोडिएको जिल्ला भएको नाताले अन्य पहाडी जिल्लाहरुको तुलनामा संख्यात्मक हिसावले कार्यचाप बढी भएको यस धादिङ जिल्ला अदालतवाट वार्षिक रुपमा एक हजार दुई सय भन्दा बढी मुद्दाहरु दर्ता भईरहेको यस अदालतमा दुई जना जिल्ला न्यायाधीश सहित कुल ४१ जना कर्मचारीको दरवन्दी रहेको छ। वि.स. २०७२ सालमा मुलुकमा आएको महा-विनाशकारी भुकम्पको कारण यस अदालतको भवन क्षतिग्रस्त भई कार्यालयको दैनिक कार्य सञ्चालन गर्न नसक्ने परिस्थिति सिर्जना हुँदा तत्काल निर्माण गरिएका अस्थायी टहराहरु मार्फत सेवा प्रवाह गर्दै आएकोमा सुविधा सम्पन्न भवन मार्फत जनतालाई छिटो

छरितो र गुणस्तरीय न्याय प्रदान गर्ने उद्देश्यले निर्मित धादिङ जिल्ला अदालतको नवनिर्मित भवनको मिति २०७७ साल चैत्र २ गते सोमबारका दिन करिब ३०० जना अतिथिहरुको सहभागितामा प्रमुख अतिथि सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूबाट शिलालेख अनावरण गरी समुद्घाटन सु-सम्पन्न भएको थियो। उक्त समुद्घाटन कार्यक्रमको संक्षिप्त विवरण सहित यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

मिति २०७७ साल चैत्र २ गतेका दिन उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश डा. श्री कुमार चुडालज्यू, उहाँको धर्मपत्नी कमला विमली चुडालज्यू, प्रतिनिधि सभाका माननीय सदस्य श्री भूमीप्रसाद त्रिपाठीज्यू, जिल्ला समन्वय समितिको कार्यालय, धादिङका समन्वय प्रमूख श्री जगन्नाथ नेपालज्यू, पूर्व सांसद रामनाथ अधिकारीज्यू तथा दिलमान पाख्रिनज्यू, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवरज्यू, नीलकण्ठ नगरपालिकाका नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यू, उच्च अदालत पाटनका रजिस्ट्रार श्री गजेन्द्रबहादुर सिँहज्यू, धादिङ जिल्ला अन्तर्गतका स्थानिय तहका गाउँपालिकाका अध्यक्ष तथा उपध्यक्षज्यूहरु, काठमाण्डौ, चितवन, भक्तपुर, नुवाकोट, रसुवा जिल्ला अदालतका जिल्ला न्यायाधीशज्यूहरु, तथा श्रेस्तेदारज्यूहरु, यस धादिङ जिल्ला अदालतका पूर्व न्यायाधीशद्वय श्री प्रकाश ढुंगानाज्यू र श्री उमेश कोइरालाज्यू, धादिङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री ज्ञानप्रसाद ढकालज्यू, धादिङ जिल्लामा अवस्थित सम्पूर्ण कार्यालयका कार्यालय प्रमुखज्यूहरु, नीलकण्ठ नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री होमनाथ रिजालज्यू, सर्वोच्च अदालतका तथा उच्च अदालत पाटनका उप-रजिस्ट्रारज्यूहरु, धादिङ जिल्ला वारका कार्यसमिति सदस्यज्यूहरु तथा अन्य कानून व्यवसायीज्यूहरु, नागरिक समाज, राजनितिक दल, विभिन्न संघसस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मीज्यूहरु, धादिङ जिल्ला अदालत परिवार तथा स्थानिय सर्वसाधरण जनसमुदायहरुबाट धादिङ जिल्ला अदालत परिसरमा समुद्घाटन समारोहमा पाल्नु हुने प्रमुख अतिथि सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यू लगायत विशेष अतिथि सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीशज्यूका धर्मपत्नी श्री शिबु कार्कीज्यू तथा अन्य अतिथिहरुलाई फूलमाला र पुष्प गुच्छाहरु अर्पण गर्दै कर्तल ध्वनीका साथ ताली बजाई भब्य रुपले स्वागत गरिएको थियो भने नेपाल प्रहरीद्वारा सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूलाई सलामी दिई सम्मान प्रकट गरिएको थियो।




प्रमुख अतिथिज्यूको स्वागतमा लामवद्ध अवस्थामा आमन्त्रित अतिथि तथा धादिङ जिल्ला अदालतका सम्पूर्ण कर्मचारीहरु





वरिष्ठतम् माननिय न्यायाधीश श्री दिपककुमार कार्कीज्यूबाट सलामी ग्रहण गर्नुहुदै

## २. मञ्च कार्यक्रम



धादिङ जिल्ला अदालतको नवनिर्मित भवन समुद्घाटन कार्यक्रमको सञ्चालन श्रेस्तेदार श्री खुमप्रसाद भण्डारीले गर्नुभएको थियो।



**समुद्घाटन कार्यक्रम सञ्चालन गर्दै धादिङ जिल्ला अदालतका श्रेष्तेदार श्री खुमप्रसाद भण्डारी**

## ३. आशन ग्रहण कार्यक्रम

उच्च अदालत, पाटनका माननीय मुख्य न्यायाधीश डा. श्री कुमार चुडालज्यूले अध्यक्षता गर्नुभएको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यू लगायत विशेष अतिथि र अन्य अतिथिज्यूहरुलाई आशनग्रहण गराइएको थियो।

**कार्यक्रमका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, बिशेष अतिथिज्यू र अतिथिज्यूहरुलाई ब्याच बितरणः**

धादिङ जिल्ला अदालतको नवनिर्मित भवन समुद्घाट कार्यक्रममा अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, बिशेष अतिथिज्यू र अतिथिज्यूहरुलाई यस अदालतका कर्मचारीद्वय श्री धनमाया गुरुङ र श्री सरस्वती श्रेष्ठले ब्याच बितरण गर्नु भएको थियो ।



**कर्मचारीद्वय श्री धनमाया गुरुङ र श्री सरस्वती श्रेष्ठले ब्याच बितरण गर्नुहुदै**

राष्ट्रिय गाना बजाई कार्यक्रमको औपचारिक शुरुवात गरिएकोमा यस अदालतका माननीय न्यायाधीश श्री देवेन्द्र पौडेलज्यूको स्वागत मन्तव्य कार्यक्रम थालनी गरिएको थियो।



## ४. माननीय न्यायाधीश श्री देवेन्द्र पौडेलले गर्नु भएको स्वागत मन्तव्यको सार संक्षेप



**जिल्ला न्यायाधीश श्री देवेन्द्र पौडेलज्यूबाट स्वागत मन्तव्य र निर्माण प्रतिवेदन प्रस्तुत गर्नुहुँदै**

माननीय जिल्ला न्यायाधीश श्री देवेन्द्र पौडेलज्यूले सामान्य, साघुरा र कच्ची प्रकृतिको भवनवाट कार्यालय सञ्चालन हुँदै आएका यस जिल्ला समेतका विभिन्न जिल्ला स्थित कार्यालयहरु वि.स. २०७२ सालमा मुलुकमा आएको महा-विनासकारी भुकम्पको कारण क्षतिग्रस्त भई कार्यालयको दैनिक कार्य सञ्चालन गर्नै नसक्ने परिस्थिति सिर्जना भई तत्काल अस्थायी टहराहरु निर्माण गरी सोही टहराहरु मार्फत कार्य सञ्चालन हुँदै आएकोमा **Emergency Earthquake project** अन्तर्गत एसियाली बिकाश वैंकको ऋण सहयोगमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले निर्माण गरेको यस जिल्ला अदालतको भवनको निर्माण कार्य मिति २०७३/११/२६ गते तत्कालिन प्रधान न्यायाधीश शुशिला कार्कीज्यूबाट शिलान्यास भई शुभारम्भ भएको थियो। धादिङ जिल्ला अदालतका नाममा दर्ता श्रेस्ता रहेको धादिङ जिल्ला साबिक नीलकण्ठ गा.वि.स. वडा नं. ५ङ हालको नीलकण्ठ नगरपालिका वडा नं. ३ मा जम्मा पाँच कित्ता जग्गाहरू गरी जम्मा क्षेत्रफल ३-१५-०-० (तीन रोपनी पन्ध्र आना) जग्गाभित्र जिल्ला अदालत भवन निर्माण भएको, कुरा अवगत गराउँदै आफ्नो कार्य व्यस्तताको बाबजुद समय निकाली यस अदालतको नवनिर्मित भवनको समुद्घाटन कार्यक्रममा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि, विशेष अतिथि तथा अन्य अतिथिहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरुलाई न्यानो स्वागत गर्दै उपस्थित सम्पूर्ण अतिथिज्यूहरुमा हार्दिक आभार प्रकट गर्नुभएको थियो ।

**५. सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूबाट नवनिर्मित भवनको समुद्घाटनः-**

मिति २०७७।१२।०२ गते सोमबारको दिन सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश दीपककुमार कार्कीज्यूबाट करिब ३०० जना आमन्त्रित अतिथिज्यूहरु, कर्मचारी तथा जनसमुदाय माँझ शिलालेख अनावरण गरी धादिङ जिल्ला अदालतको नवनिर्मित भवनको समुद्घाट कार्य सु-सम्पन्न भएको थियो।




**वरिष्ठतम माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूबाट रिवन काटी शिला लेख अनावरण गर्नुहुँदै**

६. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका डिभिजन इन्जिनियर श्री लिला खतिवडाज्यूबाट भवन निर्माण प्रतिवेदन प्रस्तुतः-

भवन निर्माण प्रतिवेदन प्रस्तुत गर्दै राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका डिभिजन इन्जिनियर श्री लिला खतिवडाज्यूले यस भवन निर्माण मिति २०७३।०६।१० गते शिवशक्ति विरुवा जे.भी. कन्सट्रक्सन कम्पनिसँग सम्झौता भइ मिति २०७६।०८।२९ गते निर्माण कार्य सम्पन्न भएको कुरा व्यक्त गर्नुभयो, भूईंतला सहित तीन तला भएको नवनिर्मित भवनमा पहिलो तलामा १३ कोठाहरु, दोस्रो तलामा दुई इजलास सहित ११ कोठाहरु र तेस्रो तलामा १ सभा हल, लाइब्रेरी र आवास सहित ६ कोठाहरु रहेको, कुल ७ करोड ५२ लाख ९९ हजार ६ सय ५७ रुपैयाँ ३३ पैसाको लागतमा निर्माण भएको धादिङ जिल्ला अदालतको नवनिर्मित भवन भुकम्प प्रतिरोध प्रविधि प्रयोग गरि निर्माण भएको कुरा व्यक्त गर्नुभयो।

७. शुभकामना मन्तव्य

- धादिङ जिल्ला बारका अध्यक्ष श्री कृष्णराज अधिकारीज्यू,
- धादिङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री ज्ञानप्रसाद ढकालज्यू,
- नीलकण्ठ नगरपालिकाका प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यू,
- मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवरज्यू,
- जिल्ला समन्वय समितिका प्रमुख श्री जगन्नाथ नेपालज्यू,
- प्रतिनिधी सभा सदस्य श्री भूमीप्रसाद त्रिपाठीज्यू,

शुभकामना मन्तव्यको क्रममा सुविधा सम्पन्न यस नवनिर्मित भवनबाट सेवाग्राहीहरुले छिटो छरितो र गुणस्तरिय सेवा पाउने विश्वास व्यक्त गर्दै, कुनै पनि नेपाली नागरिक न्याय प्राप्त गर्नबाट वञ्चित हुन नपरोस् भन्दै समुद्घाटन कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्नुभएको थियो।




सर्वोच्च अदालतका मुख्य रजिस्ट्रारज्यूले शुभकामना मन्तव्य राख्नुहुँदै

**८. सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूबाट व्यक्त भएको उद्घाटन मन्तव्यको सार संक्षेपः-**

सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूले यस धादिङ जिल्ला अदालतको नवनिर्मित भवन निर्माणमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु धन्यवादको पात्र हुनुहुन्छ भन्ने कुरा व्यक्त गर्नुहुँदै यस भवनको शिलान्यास गर्ने पूर्व प्रधान न्यायाधीश श्री सुशिला कार्कीज्यूलाई स्मरण गर्नुभयो। नयाँ भवनले न्याय प्रदान गर्ने कार्यमा सहजता प्रदान गर्ने, अदालतको मुख्य लक्ष्य जनतालाई न्याय प्रदान गर्नु हो। अदालत र बारको सुमधुर सम्बन्धबाट मात्र उक्त लक्ष्य हाँसिल गर्न सकिन्छ भन्ने भनाई राख्नुभयो। यसैगरी उहाँले न्याय प्रदान गर्ने कार्यमा हतार र ढिला गर्न नहुने भन्दै सम्भव भएसम्म देवानी प्रकृतिका मुद्दाहरुमा मेलमिलापमा जोड दिन सम्बद्ध सबै पक्षहरुलाई आग्रह गर्दै यो नवनिर्मित भवन न्याय प्रदान गर्ने केन्द्र बनोस् भन्ने शुभेच्छा प्रकट गर्नुभएको थियो।




**प्रमुख अतिथिज्यूबाट समुद्घाटन मन्तव्य व्यक्त गर्नुहुँदै**

### ९. माननीय न्यायाधीश श्री आत्मदेव जोशीले गर्नुभएको धन्यवाद ज्ञापनको सार संक्षेपः-

धन्यवाद ज्ञापन गर्ने क्रममा यस अदालतका माननीय न्यायाधीश श्री आत्मदेव जोशीज्यूले यस अदालतको नवनिर्मित भवनको समुद्घाटन कार्यक्रममा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि, विशेष अतिथि तथा अन्य अतिथिहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्नुभएको थियो। साथै उहाँले यस भवनको शिलान्यास गर्नुहुने पूर्व प्रधान न्यायाधीश सुशिला कार्कीज्यू र शिलान्यासदेखी हालसम्म भवन निर्माणको कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउनुहुने यस अदालतका पूर्व न्यायाधीशज्यूहरु, श्रेस्तेदारज्यूहरु, कर्मचारीहरु, भवन निर्माण गर्ने पुनर्निर्माण प्राधिकरण, भवन निर्माणको जिम्मा पाएको शिवशक्ति विरुवा जे.भी., राष्ट्रिय पुननिर्माण प्राधिकरण, यस समारोहका लागि सभास्थल निर्माण, मञ्च व्यवस्थापन गरिदिनुहुने तथा उपस्थित सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो।




**माननीय जिल्ला न्यायाधीश श्री आत्मदेव जोशीज्यू प्रमुख अतिथि लगायतका अतिथिहरुलाई धन्यवाद ज्ञापन गर्नुहुँदै**

## १०.मायाको चिनो प्रदानः-

कार्यक्रममा प्रमुख अतिथि लगायतका अतिथिहरुलाई धादिङ जिल्ला अदालतको तर्फबाट माननीय जिल्ला न्यायाधीशद्वय श्री देवेन्द्र पौडेलज्यू र माननीय जिल्ला न्यायाधीश श्री आत्मदेव जोशीज्यूले मायाको चिनो प्रदान गर्नुभएको थियो।



**माननीय जिल्ला न्यायाधीश श्री देवेन्द्र पौडेलज्यूबाट प्रमुख अतिथि लगायतका अतिथिज्यूलाई मायाको चिनो प्रदान गर्नुहुँदै**






माननीय जिल्ला न्यायाधीश श्री देवेन्द्र पौडेलज्यूबाट सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवरज्यूलाई मायाको चिनो प्रदान गर्नुहुँदै




माननीय जिल्ला न्यायाधीश श्री देवेन्द्र पौडेलज्यूबाट उच्च अदालत पाटनका रजिस्ट्रार श्री गजेन्द्रबहादुर सिंहज्यूलाई मायाको चिनो प्रदान गर्नुहुँदै

## ११.अध्यक्षज्यूबाट धन्यवाद मन्तव्य सहित मञ्च कार्यक्रमको समापनः-

अन्त्यमा कार्यक्रमको अध्यक्षता ग्रहण गरिरहनुभएका उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश डा. श्री कुमार चुडालज्यूले जसरी विभिन्न फुलबारीहरुमा फुलेका फूलहरु जोडिएर एउटा माला बन्छ, त्यसरी नै यो अदालत विभिन्न सेवाग्राहीहरुको माला बन्न सकोस, यो अदालत न्यायको धरोहर बन्न सकोस, सँधै जिवन्त रहोस्, यसले एउटा मालाको रुपमा समाजका सबै वर्गलाई जोड्न सकोस्, सबैलाई न्याय प्रदान गर्न सफल होस् भन्ने शुभेच्छा व्यक्त गर्दै समुद्घाटन समारोहको समापन गर्नुभएको थियो।




**माननीय मुख्य न्यायाधीश डा. श्री कुमार चुडालज्यूले धन्यवाद मन्तव्य सहित मञ्च कार्यक्रमको समापन गर्नुहुँदै**

**१२. सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूबाट भवनको अवलोकनः-**

समुद्घाटन कार्यक्रम अन्तरगत मञ्चको कार्यक्रम पश्चात प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिज्यूहरुबाट अदालत भवन अवलोकन गर्दै अवलोकनको क्रममा भवन र विभिन्न कार्यकक्षको व्यवस्थापन अत्यन्त राम्रो र सेवाग्राही मैत्री रहेको हुँदा धन्यवाद ज्ञापन गर्नुभएको थियो।




**प्रमुख अतिथि लगायतका अतिथिहरुसँग धादिङ जिल्ला अदालतका कर्मचारीहरु सामुहिक तस्वीर लिदै**



**१३.जलपान**

भवन अवलोकन पश्चात प्रमुख अतिथिज्यू, बिशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरुको लागि जलपानको व्यवस्था गरेको हुँदा सबै महानुभावहरु सो कार्यक्रममा सहभागि हुनुभएको थियो।

**१४.प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू तथा अन्य अतिथिज्यूहरुको प्रस्थान।**

२०७७ साल चैत्र २ गते दिनको २:०० बजे प्रमुख अतिथिज्यू लगायत सबै अतिथि महानुभावहरुलाई विदाई गरिएको थियो।

# मिति २०७७ चत्र ०२ गते सम्म धादिङ जिल्ला अदालतमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम, थर | पद | श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री माननीय देवेन्द्र पौडेल | न्यायाधीश | रा.प.प्रथम | |
| २ | श्री माननीय आत्मदेव जोशी | न्यायाधीश | रा.प.प्रथम | |
| ३ | श्री खुम प्रसाद भण्डारी | स्रेस्तेदार | रा.प.द्धितिय | |
| ४ | श्री भुवन प्रसाद घिमिरे | तहसिलदार | रा.प.तृतिय | |
| ५ | श्री गोपिकृष्ण कोइराला | नायव सुब्बा | रा.प.अंन. प्रथम | |
| ६ | श्री दिनेश कुमार विष्ट | नायव सुब्बा | रा.प.अंन. प्रथम | |
| ७ | श्री समिर बराल | नायव सुब्बा | रा.प.अंन. प्रथम | |
| ८ | श्री विशन कुमार खड्का | नायव सुब्बा | रा.प.अंन. प्रथम | |
| ९ | श्री लक्ष्मण ढुंगाना | नायव सुब्बा | रा.प.अंन. प्रथम | |
| १० | श्री नवराज उपाध्याय | लेखापाल | रा.प.अंन. प्रथम | |
| ११ | श्री सरस्वती श्रेष्ठ | कम्प्युटर अपरेटर | रा.प.अंन. प्रथम | करार |
| १२ | श्री गौतम खत्री | ने.स.प. | रा.प.अंन. प्रथम | करार |
| १३ | श्री टेक प्रसाद कँडुवाल | डिठ्ठा | रा.प.अंन. द्धितिय | |
| १४ | श्री धिरज सुनार | डिठ्ठा | रा.प.अंन. द्धितिय | |
| १५ | श्री धनमाया गुरुङ | डिठ्ठा | रा.प.अंन. द्धितिय | |
| १६ | श्री नरेश के.सी. | डिठ्ठा | रा.प.अंन. द्धितिय | |
| १७ | श्री विनोद भट्टराई | डिठ्ठा | रा.प.अंन. द्धितिय | |
| १८ | श्री गेहराज पोखेल | डिठ्ठा | रा.प.अंन. द्धितिय | |
| १९ | श्री दिलेन्द्र प्रसाद यादव | डिठ्ठा | रा.प.अंन. द्धितिय | |
| २० | श्री रविप्रसाद लम्साल | तामेलदार | रा.प.अंन. द्धितिय | |
| २१ | श्री गौतम कुमार कर्ण | तामेलदार | रा.प.अंन. द्धितिय | |
| २२ | श्री सन्दिप अधिकारी | तामेलदार | रा.प.अंन. द्धितिय | |
| २३ | श्री श्याम किशोर साह लहेरा | तामेलदार | रा.प.अंन. द्धितिय | |
| २४ | श्री हरि बहादुर थापा | हलुका सवारी चालक | ह.स.चा | |
| २५ | श्री शिवलाल श्रेष्ठ | कार्यालय सहयोगी | श्रेणी विहिन | |
| २६ | श्री राजकुमार श्रेष्ठ | कार्यालय सहयोगी | श्रेणी विहिन | |
| २७ | श्री पुर्णिमाया थापा मगर | कार्यालय सहयोगी | श्रेणी विहिन | करार |
| २८ | श्री शोभितमान श्रेष्ठ | कार्यालय सहयोगी | श्रेणी विहिन | करार |
| २९ | श्री अमृता सिं ठकुरी | कार्यालय सहयोगी | श्रेणी विहिन | करार |
| ३० | श्री कृष्णकुमार श्रेष्ठ | कार्यालय सहयोगी | श्रेणी विहिन | करार |
| ३१ | श्री संजिवनी गुरुङ | वगौंचे | श्रेणी विहिन | करार |
| ३२ | श्री मुना श्रेष्ठ | सरसफाई कर्ता | श्रेणी विहिन | करार |

# २०७७ फागुन मसान्त सम्मको मुद्दाहरुको बिवरण

| मुद्दाको प्रकार | जम्मा लगत | फछ्र्यौट | बाँकी | कैफियत |
|---|---|---|---|---|
| देवानी | ६७४ | ३३९ | ३३५ | |
| फौजदारी | ५२२ | १६० | ३६२ | |
| पुनरावेदन परेको | १० | ३ | ७ | |
| रिट | ६ | ३ | ३ | |
| **जम्मा** | **१२१२** | **५०५** | **७०७** | |
| निरन्तर सुनुवाई | १०७ | ५१ | ५६ | |
| थुनुवा मुद्दा | ११५ | २३ | ९२ | |
| दुई वर्ष नाघेको | ८१ | २१ | ६१ | |

मिति २०७७ फागुन मसान्त सम्मको तहसिल तर्फको कैद, जरिवाना र सरकारी विगोको लगत फछ्र्यौट र बाँकीको सालगत विवरण

फाराम नं. १८

धादिङ जिल्ला अदालत

कैद, जरिवाना र सरकारी विगोको लगत फछ्र्यौट र बाँकीको सालगत विवरण

२०७७ साल फाल्गुन महिनाको मासिक प्रतिवेदन

| सि.नं. | विषय | लगत | | | | फछ्र्यौट | | | जम्मा फछ्र्यौट | बाँकी | | | जम्मा बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी | | नयाँ लगत | जम्मा | जिम्मेवारी | | नयाँ लगतबाट | | जिम्मेवारी मध्ये | | नयाँ मध्ये | |
| | | २०३५ साल सम्मको | २०३५ सालदेखि २०७७ आषाढ सम्मको | | | २०३५ साल सम्मको | २०३५ सालदेखि २०७७ आषाढ सम्मको | | | २०३५ साल सम्मको | २०३५ सालदेखि २०७७ आषाढ सम्मको | | |
| १ | कैद | ०।०।०। | ९२७।०७।०९ | ७६।०१।२९ | **१००३।०९।०८** | ०।०।० | ७०।०६।२६ | २१।०४।१४ | **९१।११।१०** | ०।०।० | ८५७।००।१३ | ५४।०९।१५ | **९११।०९।२८** |
| २ | जरिवाना | ६,०००। | ५,२०,६४,४७६।०० | १,१६,२९,२५२।०० | **६,३६,९९,७२८।००** | ०००।०० | ५३,६४,४२३।०० | ५०,५५,२५०।०० | **१,०४,१९,६७३।००** | ६,०००।०० | ४,६७,००,०५३।०० | ६५,७४,००२।०० | **५,३२,८०,०५५।००** |
| ३ | सरकारी विगो | ०००।०० | ४२,११,२६४।३० | ०००।०० | **४२,११,२६४।३०** | ०००।०० | ०००।०० | ०००।०० | **०००।००** | ०००।०० | ४२,११,२६४।३० | ०००।०० | ४२,११,२६४।३० |